नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
सचिवालय

फोन नं. : ०७८-५४०२०१
Email: cdosecratarynawalpur@gmail.com

पत्र संख्या : ०७९/८०
च.नं. : ८०८

मिति : २०७९।१२।२९

विषय : तेस्रो त्रैमासिक प्रगती विवरण (Proactive Disclosure) पठाईएको ।

श्री राष्ट्रिय सूचना आयोग,
काठमाडौं म. न. पा .१० देवीनगर काठमाडौं ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ र नियमावली, २०६५ वमोजिम यस कार्यालयबाट प्रकाशन गरिएको तेस्रो त्रैमासिक प्रगती विवरण (Proactive Disclosure) पाना १५ (पन्ध्र) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.............................
सुवास कुमार लामिछाने
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थ
श्री गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा), सिंहदरवार काठमाडौं ।
श्री गृह मन्त्रालय (योजना, अनुगमन तथा मुल्याङ्कन शाखा), सिंहदरवार काठमाडौं ।
श्री गृह मन्त्रालय (सूचना प्रविधि शाखा), सिंहदरवार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री आन्तरिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को

## तेस्रो त्रैमासिक प्रगती विवरण

## (PROACTIVE DISCLOSURE)

## आ. व. २०७९/०८० (२०७९ श्रावण – चैत्र)




प्रकाशकः-

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ वमोजिम यस कार्यालयवाट प्रवाह भएका सेवाहरु सोही ऐनको दफा ५(४) वमोजिम देहाय अनुसार प्रकाशन गरिएको गरिएको छ ।

(क) **<u>जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति :</u>** स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप संचालन गर्न तथा शान्ति र व्यवस्था कायम राख्ने कार्य प्रभावकारी रुपमा संचालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो र उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना भएका छन । नेपालको संविधान, २०७२ मा साविक नवलपरासी जिल्लालाई नवलपरासी (वर्दघाट सुस्ता पूर्व) र नवलपरासी (व.सु.प.) नामांकरण भई छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए वमोजिम मिति २०७४/०७/१९ गते देखि जिल्ला प्रशासन कार्यालय, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) को स्थापना भएको छ ।

(ख) **<u>जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार :</u>**

- जिल्लामा शान्ति सुरक्षा र अमन चयन कायम राख्ने ।
- आफ्नो जिल्लाका प्रहरी अधिकृत तथा जवानहरुलाई नियन्त्रण र निर्देशन गर्ने एवं अधिकृतहरुको नेकीवदी राख्ने ।
- कारागार प्रशासन एंव कारागारको सुरक्षा व्यवस्था मिलाउने ।
- हातहतियार खरखजाना सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ नियन्त्रण सम्वन्धी कार्यगर्ने ।
- विदेशी नागरिक उपर रेखदेख र नियन्त्रण गर्ने ।
- यातायात सम्वन्धी काम गर्ने ।
- संघ, संस्था, पत्रपत्रिका सम्बनधी कार्य गर्ने ।
- स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने ।
- नागरिकता दिने र सो सम्बन्धी कारवाही चलाउने ।
- आप्रवास सम्बन्धी काम गर्ने ।
- चिठ्ठा, जुवा आदि नियन्त्रण गर्ने ।
- अभद्र व्यवहार रोकथाम र नियन्त्रण गर्ने ।
- प्रकोपमा परेकाहरुको उद्धार र राहतको व्यवस्था मिलाउने र मिलाउन लगाउने ।
- लागू औषध नियन्त्रण सम्बन्धी काम ।

सहायक प्रमुख जिल्ला अधिकारी


- चलचित्र, हाटवजार, मेला सम्बन्धी कार्य गर्ने ।
- सीमा प्रशासन र इलाका प्रशासन सम्बन्धी काम गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सम्पत्तिको रेखदेख, नियन्त्रण,मर्मत संभार आदि कार्य गर्ने ।
- निर्वाचन सम्वन्धी कार्य गर्ने ।
- जीउ मास्ने बेच्ने कार्य नियन्त्रण गर्ने क्रममा आवश्यक काम गर्ने ।
- तस्करी नियन्त्रण गर्ने ।
- नाता प्रमाणित गरि दिने ।
- मुआब्जा निर्धारण र वितरण सम्बन्धी कार्य गर्ने ।
- घर भाडा निर्धारण सम्बन्धी कार्य गर्ने ।
- नावालाक, असहाय वालवालिकाको संरक्षण गर्ने ।
- मूल्य नियन्त्रण गर्ने, कृतिम अभाव, जमाखोरी अनुचित लाभ गर्न नदिने र दैनिक उपभोग्य वस्तुको आपूर्तिको प्रवन्ध मिलाउने ।
- जिल्लास्थित सरकारी कार्यालयहरुको निरीक्षण गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।
- जिल्लास्थित कार्यालयहरु वीच समन्वय गर्ने ।
- सभा, समारोहको प्रवन्ध मिलाउने ।
- सामाजिक संघ, संस्था, स्कूल, कलेज, स्वास्थ्य निकाय आदिलाई आवश्यक सहयोग पुऱ्याउने ।
- प्रचलित नेपाल कानूनले तोके अनुसारका मुद्धा मामिलामा आवश्यक कारवाही गर्ने ।
- नेपाल सरकारले तोकेको र दिएको निर्देशन अनुरुपको कार्य गर्ने गराउने ।
- जिल्लास्थित प्रख्यात र कुख्यात व्यक्तिहरुको अभिलेख राख्ने ।
- जिल्लाभित्र संचालित विकास आयोजना रेखदेख, समन्वय र सहयोग पुऱ्याउने ।
- मदिरा नियन्त्रण सम्बन्धी  कार्य गर्ने ।
- जिल्लास्थित राजनीतिक दलहरु वीच सहज र मैत्री सम्बन्ध बनाउने ।
- नेपाल सरकारको तर्फबाट हुने जिल्लास्थित कार्यमा प्रतिनिधित्व गर्ने ।
- अन्य कुनै पदाधिकारीलाई नतोकिएको कार्य गर्ने ।
- कार्यालय प्रमुखको बैठक गरी जिल्लामा भै रहेका कार्य र समस्याको निराकरणको लागि निकास खोज्ने ।
- जिल्लाको सुरक्षा पार्श्वचित्र District Security Profileतयार पारी राख्ने ।
- लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम पदपूर्ति सम्वन्धी काम गर्ने ।
- जिल्लामा ज्यालादर रेट निर्धारण सम्वन्धी कार्य गर्ने ।
- जनतालाई परेको पिरमर्का सम्बन्धी जनगुनासोका सम्वन्धमा छलफल गराई समस्याको समाधान खोज्ने ।

सहायक प्रमुख जिल्ला अधिकारी

- जिल्लामा दिनै पिच्छे घटेका घटनाहरुको अभिलेख तैयार गरी घटनाको महत्व अनुसार दैनिक/मासिक प्रतिवेदन मन्त्रालयमा पठाउने।
- कुनै पनि मन्त्रालयलाई नतोकिएको नेपाल सरकारको कुनै काम

(ग) **जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.प.) को स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज**

**अ) संगठन संरचना**




सहायक प्रमुख जिल्ला अधिकारी

आ) दरवन्दी तेरिज

| सि.नं. | पद | श्रेणी | दरवन्दी संख्या | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितिय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | ३ | ३ | - | |
| ४ | नायव सुव्वा | रा.प.अन.प्रथम | १० | ६ | ४ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | १ | १ | - | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | ३ | ३ | | |
| ७ | खरिदार | रा.प.अन.द्धि | ५ | १ | ४ | |
| ८ | हल्का सवारी चालक | श्रेणी विहिन | २ | २ | - | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | ० | स्थायी २<br>करार ५ |
| जम्मा | | | ३३ | २५ | ८ | ७ करार |

- अस्थायी दरवन्दीमा थप १ जना कम्प्युटर अपरेटर समेत कार्यरत रहेको
- राष्ट्रिय परिचय पत्र तर्फ विवरण दर्ता अपरेटर २ जना र फर्म भर्ने स्वयंसेवक १ जना

(घ) **जिल्ला प्रशासन कार्यालयवाट प्रदान गरिने सेवा :**

- नेपाली नागरिकताको प्रमाणपत्र वितरण
- राहदानी सिफारिस
- विपद व्यवस्थापन ,प्रकोपवाट पीडितलाई आर्थिक सहायता वितरण
- नामथर, उमेर संशोधन र प्रमाणित
- जनजाती, दलित, आदिवासी प्रमाणित
- पेन्सन सिफारिस सम्वन्धि
- मुद्धा, ठाडो उजुरी
- मुआब्जा भुक्तानी
- सवारी दुर्घटनाका मृतकका हकदार/घाईतेलाई क्षतिपूर्ति राहत/ औषधी उपचार दिलाई भराई दिने
- हात हतियार इजाजत नविकरण र नामसारी सम्बन्धी
- नाबालक परिचय पत्र सम्बन्धी
- संस्था दर्ता र नविकरण,

सहायक प्रमुख जिल्ला अधिकारी

- छापाखाना तथा पत्रपत्रिका दर्ता सम्बन्धी
- द्वन्दको क्रममा मृत्यु भएका व्यक्तिका नजिकका हकदारहरुलाई आर्थिक सहायता वितरण

(ङ). **जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी**

| सि.नं. | शाखा | जिम्मेवार व्यक्ति | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | मुद्धा शाखा<br>जिन्सी शाखा | ना.सु श्री यादव पराजुली<br>खरिदार विनिता कुमारी | प्र.जि.अ.श्री कृष्णप्रसाल लम्साल<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री शिवराज कोइराला |
| २ | स्थानीय प्रशासन शाखा | ना.सु. राजेन्द्र प्रसाद शर्मा<br>खरिदार विनिता कुमारी | ,, |
| ३ | लेखा शाखा | ले.पा. श्री सूर्य प्रसाद गौतम | ,, |
| ४ | सचिवालय | क.अ. तारा देवी अर्याल | ,, |
| ५ | नागरिकता प्रतिलिपि शाखा | ना.सु. श्री छत्र राज जोसी<br>क.अ.श्री छविलाल राना | प्र.जि.अ.श्री कृष्णप्रसाल लम्साल<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री भरत सापकोटा |
| ६ | नागरिकता शाखा | ना.सु. श्री दिपक पौडेल<br>क.अ.श्री नगिना भण्डारी | प्र.जि.अ.श्री कृष्णप्रसाल लम्साल<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |
| ७ | राहदानी शाखा | ना.सु. श्री मिना सुवेदी<br>ना.सु.श्री दिपक खनाल<br>ना.सु.श्री सरस्वती पन्थी<br>क.अ. श्री गिता भण्डारी सापकोटा | प्र.जि.अ.श्री कृष्णप्रसाल लम्साल<br>स.प्र.जि.अ.श्री सुवास कुमार लामिछाने<br>प्र.अ.श्री आनन्द शर्मा भुसाल |

(च) **जिल्ला प्रशासन कार्यालयवाट प्राप्त हुने सेवाको दस्तुर र अवधि** :

| सि.नं. | सेवाको किसिम | दस्तुर | अवधि |
|---|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र | रु १०/- को टिकट | प्रक्रिया पुगेकै दिन |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | रु २०/- को टिकट | सोही दिनै |
| ३ | राहदानी (E-passport) | रु ५,०००/- | |
| ४ | संस्था दर्ता | रु १,०००/- | प्रक्रिया पुरा भएपछि |
| ५ | संस्था नविकरण | रु ५००/-असोज मसान्त सम्म<br>रु १००/-थप पौषमसान्त सम्म | सोही दिनै |

सहायक प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | | रु२५०/-थप असार मसान्तसम्म | |
| ६ | नाम, जात र उमेर प्रमाणित तथा अन्य सिफारिस | रु.१० को टिकट | सोही दिनै |
| ७ | विपद्वाट पिडित राहत वितरण | नलाग्ने | सोही दिनै |
| ८ | ठाडो उजुरी | रु.१० को टिकट | सोही दिने प्रक्रिया बढाईने |

(छ) <u>निर्णय प्रक्रिया र अधिकारी</u>

- मुद्धा हेर्ने अधिकार वाहेकका अन्य अधिकारहरु स.प्र.जि.अ.मा प्रत्यायोजन भएको छ।
- निर्णय ३ तहमा हुने गरेको फाँटवाला - प्र.अ.- स.प्र.जि.अ./प्र.जि.अ.

(ज) <u>निर्णय उपर उजुरी सुन्ने अधिकारी</u>

- प्र.अ. र स.प्र.जि.अ.ले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख जिल्ला अधिकारी
- प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी गृह मन्त्रालय सचिव (मुद्धा सम्वन्धमा पुनरावेदन सुन्ने नवलपुर जिल्ला अदालत)

(झ) **<u>यस कार्यालयबाट २०७९ श्रावण देखि चैत्र २७ गतेसम्म सम्पादन भएका मुख्य मुख्य कार्यको सारांश :</u>**

| सिनं.. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नँया नागरिकताको प्रमाण पत्र वितरण | महिला-३८०३, पुरुष-३३१७ जम्मा-६३१७ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला –२४८५, पुरुष-३१४६ जम्मा-५६३१ |
| ३ | नागरिक एप/सिधै कार्यालयमा प्राप्त गुनासोहरु संवोधन | २८१२ |
| ५ | E-passport | महिला –५६००, पुरुष-९३६५, नाबालक-३१९, जम्मा-१५२८४ |
| ६ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला –५३९४, पुरुष-१०१७५ जम्मा-१९३० |
| ७ | विपदवाट प्रभावित घरको संख्या | ४ |
| ८ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | ३,००,०००/- |
| ९ | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | ८२ |
| १० | नविकरण भएका संस्थाहरुको संख्या | ३३० |
| ११ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | २ |
| १२ | संस्थाको विधान संशोधन | ४ |
| १३ | राजश्व संकलन राहदानी दस्तुर),धरौटी र संस्था दर्ता/नविकरण( | राहदानी -७,५६,७९,०००/-<br>संस्था दर्तानविकरण/:८,५६,४५०/-<br>प्रशासनीक दण्ड जरिवाना -२७,५३,४४७/-<br>अन्य प्रशासनिक सेवा शुल्क :६८,०००/-<br>परिक्षा शुल्क :७,०००<br>जम्मा : ७,०५,१५,४४७/- |

सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| १४ | • मुद्दा दर्ता संख्या<br>• मुद्दा फर्छ्यौट संख्या | १२१<br>७५ |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन | २८ |
| १७ | ठाडो उजुरी सख्या | १४७ |
| १८ | नाबालक परिचय पत्र वितरण | ४५९ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | ७०१ |
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | ६७३ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | ४१३ |
| २३ | चालचलन प्रमाणित | २० |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | ३ |
| २५ | सुरक्षा समितिको बैठक | २४ |
| २६ | अन्तर जिल्ला समन्वय बैठक | ० |
| २७ | कार्यालय प्रमुखको बैठक | ११ |
| २८ | सूचना अधिकारीको बैठक | ३ पटक |
| २९ | जिल्ला अनुगमन समिति (नदीजन्य पदार्थ) | ३ पटक |
| ३० | जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठक | ३ पटक |
| ३१ | कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठक | ३ पटक |
| ३२ | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्वद्ध बैठक | ८ पटक |
| ३३ | जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) | ४ पटक |
| ३४ | जिल्ला विपद व्यवस्थापन समितिको बैठक | ३ पटक |
| ३५ | विविध बैठक | ५ पटक |

सहायक प्रमुख जिल्ला अधिकारी

## ञ) आ.ब. २०७९।८० को तेस्रो त्रैमासिकसम्म सम्पादन भएका मुख्य मुख्य कामको विवरण:

### १. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण :

- Crime Map सहित जिल्लाको एकीकृत रणनीतिक सुरक्षा योजना, २०७९ स्वीकृत भई कार्यान्वयन भएको ।
- एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०७९ स्वीकृत भई कार्यान्वयन भएको ।
- चाडपर्व लक्षित सुरक्षा योजना, २०७९ स्वीकृत गरी कार्यान्वयन भइरहेको ।
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम राजमार्ग सुरक्षा कार्ययोजना, २०७९ तयार गरी कार्यान्वयन भएको
- संयुक्त सिमा बैठक - १ पटक
- जिल्ला सुरक्षा समितिको बैठक – १९ पटक
- अन्तर जिल्ला समन्वय बैठक - १ पटक
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम राजमार्ग सुरक्षा कार्ययोजना, २०७९ बमोजिमको बैठक - १ पटक
- **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ सम्पन्न ।**
- सुरक्षा निकायको निरीक्षण :

| | मिति | निरीक्षण गरिएको निकाय | कैफियत |
|---|---|---|---|
| १ | २०७९।१२।२४ | प्रहरी चौकी, तम्सरीया | |
| २ | २०७९।१२।२४ | प्रहरी चौकी, हुप्सेकोट | |
| ३ | २०७९।१२।२३ | ईलाका प्रहरी कार्यालय, डेढगाउँ | |
| ४ | २०७९।१२।२३ | प्रहरी चौकी, बुलिङटार | |
| ५ | २०७९।१२।२३ | ईलाका प्रहरी कार्यालय, गैंडाकोट | |
| ६ | २०७९।१२।२२ | प्रहरी चौकी, कोल्हुवा | |
| ७ | २०७९।१२।२२ | अस्थायी प्रहरी पोष्ट, डण्डा | |
| ८ | २०७९।१०।१६ | ईलाका प्रहरी कार्यालय डेढगाउँ | |
| ९ | २०७९।०६।१६ | ईलाका प्रहरी कार्यालय, त्रिवेणी | |
| १० | २०७९।०६।०८ | ईलाका प्रहरी कार्यालय डेढगाउँ | |
| ११ | २०७९।०६।०७ | प्रहरी चौकी बुलिङ्टार | |
| १२ | २०७९।०६।१० | ईलाका प्रहरी कार्यालय,गैंडाकोट | |
| १३ | २०७९।०६।१५ | ईलाका प्रहरी कार्यालय डेढगाउँ | |
| १४ | २०७९।०६।२४ | अस्थायी प्रहरी पोष्ट, डण्डा | |
| १५ | २०७९।०७।३१ | ईलाका प्रहरी कार्यालय, रजहर | |

सहायक प्रमुख जिल्ला अधिकारी

## २. सुशासन र सेवा प्रवाह

### क) विविध बैठक

- जिल्ला विपद व्यवस्थापन समितिको बैठक : ४ पटक
- जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) : ३ पटक
- जिल्ला कमाण्ड पोष्ट तथा निर्वाचन सेलको बैठक : २२
- कार्यालय प्रमुखको बैठकको निर्णय : ९ पटक
- सूचना अधिकारीको बैठक : ३ पटक
- जिल्ला अनुगमन समिति (नदीजन्य पदार्थ) : ३
- जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठकः ३
- कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठकः ३
- राजनीतिक दलसंग समन्वय बैठक -३
- राजस्व चुवावट नियन्त्रण समितिको बैठक -३
- स्टाफ बैठक - ९

### ख) नियमित सेवा प्रवाह

| क.सं. | महिला | पूरुष | नाबालक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| नयाँ नागरिकता | ३८०३ | ३३१७ | - | ६३६१ | २०७९ श्रावण देखि चैत्र २७ गतेसम्म |
| नागरिकता प्रतिलिपी | २४८५ | ३१४६ | - | ५६३१ | |
| राहदानी | ५६०० | ९३६५ | ३१९ | १५२८४ | |
| राष्ट्रिय परिचय पत्र | ५३९४ | १०१७५ | - | १५६६९ | |
| संघ संस्था दर्ता | - | - | - | ७९ | |

### ग) कसूरजन्य सम्पत्ति तथा साधन मूल्याङ्कन :

यस जिल्लामा रहेका कसूरजन्य सम्पत्तिको व्यवस्थापनको कार्य भई रहेको सन्दर्भमा जिल्ला प्रहरी कार्यालयमा रहेका ३१८ वटा सवारी साधनहरुको हकदावीको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएकोमा सो मध्ये ८ वटा सवारी साधनहरु हकदावी गरी सम्बन्धित सवारी धनीले बुझी

सहायक प्रमुख जिल्ला अधिकारी

लगेको, १ वटा सवारी साधनको सम्बन्धमा मुद्दा चलिरहेको, ३८ वटा सवारी साधनलाई मर्मत गरी प्रयोगमा ल्याउने व्यवस्थाका लागि कसूरजन्य व्यवस्था विभागमा अनुरोध भएको र २७१ वटा सवारी साधन मर्मत पश्चात पनि प्रयोगमा ल्याउन नसकिने हुँदा लिलाम बिक्री भई ४१,४३,३३२/- (त्रिचालिस लाख तिरचालिस हजार तीन सय बत्तिस) राजस्व संकलन भएको ।

**घ) भन्सार जाचँपास सुरु :**

विनयी त्रिवेणी गाउँपालिका अन्तर्गत पर्ने नेपाल भारत सीमा क्षेत्रमा रहेको त्रिवेणी धाम व्यारेज स्थित भन्सार कार्यालय खोली मिति २०७९ पुस २५ बाट भन्सार जाँचपास सुरु गरिएको जसबाट दुई तर्फी सामान ओसारपसार सहज रुपमा सुरु हुने विश्वास लिइएको ।

**ङ) नमुना सदरमुकाम निर्माणमा पहल**

शहरी विकास तथा भवन निर्माण विभागबाट तयार भएको जिल्ला प्रशासन कार्यालयको डिजाइन अत्तिम रुप दिइएकाले बोलपत्र आह्वान गर्ने निर्णय भएको ।

**च) राजश्व चुहावट अनुगमन तथा नियन्त्रण**

जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक बसी जिल्लामा राजश्व चुहावट नियन्त्रण कार्यलाई प्रभावकारी बनाइएको ।

सहायक प्रमुख जिल्ला अधिकारी

छ) **सरकारी कार्यालय निरीक्षण :**

| सि.न. | मिति | कार्यालय | संयोजकत्व/नेतृत्व | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९।०५।०१ | नापी कार्यालय | प्रमुख जिल्ला अधिकारी | |
| २ | २०७९।०६।२७ | १. मालपोत कार्यालय<br>२. नेपाल विद्युत प्राधिकरण, कावासोती | सहायक प्रमुख जिल्ला अधिकारी | |
| ३ | २०७९/०९/२८ | १. जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय<br>२. नेपाल टेलिकम,कावासोती | प्रशासकीय अधिकृत | |
| ४ | २०७९।११।२८ | १. कृषि ज्ञान केन्द्र<br>२. नापी कार्यालय | प्रशासकीय अधिकृत | |

ज) **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन** :- संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका १८ वटा संघ सस्थाको अनुगमन भएको ।

झ) **प्र.जि.अ. निवास भवन निर्माण :**

- प्रमुख जिल्ला अधिकारीको निवासको दोस्रो तला थपको लागि E-Bidding प्रक्रियाबाट बोलपत्र दाता छनौट भई पहिलो ढलान भई गाह्रो लगाउने काम भईरहेको ।
- आ.व. २०७९/०८० को तेस्रो त्रैमासिकसम्म ५३% कार्य सम्पन्न भई भौतिक प्रगति भएको।

ञ) **बजार अनुगमन** : १५ पटक

ट) **क्रसर उद्योग** :_दर्ता तथा नवीकरण नगरी एवं प्रचलित कानून एवं मापदण्ड विपरित ढुंगा, गिट्टि, रोडा तथा बालुवा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु तत्काल बन्द गर्ने निर्देशन बमोजिम क्रसर उद्योग सञ्चालन सम्बन्धमा बैठक बसी दर्ता नभई सञ्चालनमा आएका र परियोजना विशेषको लागि स्थापना भई सञ्चालनमा आएका तर परियोजना सम्पन्न भए पश्चात पनि सञ्चालनमा रहेका क्रसर उद्योगहरु बन्द गर्ने र दर्ता भई सञ्चालनमा रहेका तर नविकरण नभएका क्रसर उद्योगहरु प्रचलित कानून अनुसार तिर्नुपर्ने कर, दस्तुर, शुल्क लगायतका राजस्व लिई २०८० असार मसान्तसम्म यथावत रुपमा सञ्चालन गर्न दिने निर्णय भई सोही अनुसार कार्यान्वयनमा लगिएको।

ठ) **DRS प्रणाली सञ्चालन** : यस कार्यालयको हरेक शाखाबाट दैनिक रुपमा भएका कार्य लाई दैनिक प्रतिवेदन प्रणाली (DRS) अद्यावधिक गर्नको लागि शाखागत रुपमा १/१ जना कर्मचारीलाई

सहायक प्रमुख जिल्ला अधिकारी

खटाइएको ।

**ड) औद्योगिक क्षेत्र स्थापना सम्बन्धी समन्वय :** गण्डकी प्रदेश सरकार, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्री मणिभद्र शर्मा कंडेलज्यूको प्रमुख आतिथ्यतामा मिति २०७९।०४।२६ मा कावासोती र देवचुली नगरपालिकाको सीमाक्षेत्र लोकाहा खोलामा प्रदेश औद्योगिक क्षेत्र स्थापना सम्बन्धी छलफल तथा समन्वय भएको ।

**ढ) प्रदेशस्तरीय कार्यालयको वार्षिक समीक्षा :** २०७९।०५।१९ मा गण्डकी प्रदेशका माननीय अर्थमन्त्री श्री रामजी बरालज्यूको प्रमुख आतिथ्यता र प्रमुख जिल्ला अधिकारीको विशेष उपस्थितिमा गण्डकी प्रदेश सरकार अन्तर्गतका विषयगत कार्यालयको आ.ब. २०७८/०७९ को प्रगति समीक्षा विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको ।

## ३. लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित गरी २१ पटक लागू औषध विरुद्ध विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- लागु औषध सेवन, विक्री वितरण नियन्त्रणका सम्बन्धमा बैठक -२
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : ३ पटक

## ४. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन :

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०७९ र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- जिल्ला विपद व्यवस्थापन समितिको बैठक -३ पटक
- DEOC स्थापना गरी सञ्चालनमा रहेको, DEOC चलायमान गराउने सम्बन्धमा बैठक -३
- जिल्ला विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील सरकारी, गैरसरकारी निकायसंग समन्वय बैठक -३ पटक
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायको समन्वयमा विपद् खोजी तथा उद्धारका कार्यहरु गर्ने गरिएको ।

प्रमुख जिल्ला अधिकारी

- **राहत सामग्री वितरण :** शितलहर प्रभावित हुन सक्ने अतिविपन्न परिवारलाई स्थानीय वडा अध्यक्ष वा वडा प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी उप-शाखाको प्रतिनिधि, पत्रकार, नेपाल प्रहरीको कर्मचारीको रोहवरमा प्राथमिकताको आधारमा लक्षित विपन्न परिवारलाई न्यानो कपडा (ब्ल्याङ्केट) वितरण गर्ने व्यवस्था मिलाइएको ।

| स्थानीय तह | शिरक संख्या | कैफियत |
|---|---|---|
| गैडाकोट नगरपालिका | २१० | |
| देवचुली नगरपालिका | १५० | |
| कावासोती नगरपालिका | २२० | |
| मध्यविन्दु नगरपालिका | १६० | |
| विनयीत्रिवेणी गाउँपालिका | १०० | |
| हुप्सेकोट गाउँपालिका | ७० | |
| बुलिङटार गाउँपालिका | ४० | |
| बौदीकाली गाउँपालिका | ३० | |
| जम्मा | ९८० | |

**कोभिड-१९ का रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा गरिएका कार्यहरु :**

- कोरोना भाइरस (COVID-19) को नियन्त्रण तथा रोकथामका सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न मितिमा भएका निर्णयहरु र निर्देशनहरु कार्यान्वयन भैरहेको ।
- नेपाल सरकार मन्त्रिपरिषद तथा गृह मन्त्रालय, प्रदेश सरकारबाट कोभिड -१९ को संक्रमण तथा नियन्त्रणमा भएका निर्णय तथा निर्देशनलाई परिपालन गर्न र स्थानीय तह र सरोकारवालाहरुसगँ समय समयमा DCCMC को बैठक मार्फत तथा जिल्ला विपद व्यवस्थापन समिति मार्फत समन्वय तथा सहजिकरण गरिएको ।
- प्रमुख जिल्ला अधिकारीबाट कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सुरक्षाका मापदण्ड परिपालना गर्ने/गराउने सम्बन्धमा मिति २०७९ पुस १२ मा आदेश जारी गरिएको ।

## ५. मुआब्जा वितरण तथा विकास सहजीकरण :

- नेपाल विद्युत प्राधिकरण हेटौडा-भरतपुर-बर्दघाट २२० के.भी. प्रसारण लाइन आयोजना, हेटौडाको मुआब्जा निर्धारणको लागि विनयी त्रिवेणी गाउँपालिका वडा नं. २ सुनटाँडीका जग्गाहरुको स्थानीय स्तरमा चलन चल्तीको मूल्य खुलाई पठाइदिनु भनी विनयी त्रिवेणी गा.पा. मा ५ पटक पत्राचार भएको र मिति २०७९।०९।२६ मा गा.पा. बाट चलनचल्तिको मूल्य प्राप्त भए पश्चात मिति २०७९।०९।२८ मा क्षतिपूर्ति तथा मुआब्जा निर्धारण समितिको बैठक

सहायक प्रमुख जिल्ला अधिकारी

बसी मुआब्जा र मार्गाधिकारमा पर्ने जग्गाको लागि क्षतिपूर्ति रकम निर्धारण गरिएको (करिब १० वर्ष पुरानो विबाद सुल्झाएको) ।सो क्षेत्रको मार्गाधिकार भित्र पर्ने घर टहराहरुको नापजाँच गरी मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्न उपसमिति समेत गठन भएको ।

**ट) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण : आ.व. ०७९/८०**

| विवरण | चालु तर्फ (रु.) | पूँजीगत तर्फ (रु.) |
|---|---|---|
| आ.व. २०७९।८० को लागि स्वीकृत बार्षिक विनियोजित बजेट | २,६२,१६,०००/- (-३,७२,०००) | ५९,००,०००/- (-१३,४९,०००/-) |
| २०७९ श्रावण १ देखि चैत्र मसान्तसम्मको खर्च रु. | १,८९,३३,६२४/- | २३,७१,१४०/- |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण तर्फ विनियोजित वजेट | १३,०५,०००/- (-१३०००/-) | |
| राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण तर्फ २०७९ श्रावण १ देखि चैत्र मसान्तसम्मको खर्च रु. | ११,६६,५११/- | |
| विपद व्यवस्थापन कोष तर्फ विनियोजित :- संघ<br>प्रदेश<br>२०७९ श्रावण १ देखि चैत्र मसान्तसम्मः-<br>संघ तर्फ खर्च रु.<br>प्रदेश तर्फ खर्च रु. | २३,६९,००४/-<br>२०,५१,०४३/-<br><br>१२,८३,९२०/-<br>५०,०००/- | |

ठ) **अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण : नभएको**

ड) सार्वजनिक निकायको वेवसाईट भएको सोको विवरण :-

- **www.daonawalparasieast.moha.gov.np**
- **Mobile Apps** नवलपरासी वर्दघाट सुस्तापूर्व
- **Facebook page : daonawalpur**

ढा) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : -

ण) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण : -

त) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : -

थ) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको बिषय माग नभएको ।

..............................

सुवास कुमार लामिछाने

सहायक प्रमुख जिल्ला अधिकारी